दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ्ग, काठमाडौं ।

आर्थिक ऐन २०७५

दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन

दक्षिणकाली नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना: यस दक्षिणकाली नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थागर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम आर्थिक ऐन, २०७५ रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि नगरपालिका क्षेत्रमा लागु हुनेछ।

२. **भूमि कर (मालपोत कर):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ।

३. **घर कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाईने र असूल गरिनेछ।

४. **व्यवसाय कर:** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ।

५. **सवारी साधन कर:** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमाजिम हुनेछ।

६. **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमाजिम हुनेछ।

७. **मनोरञ्जन कर:** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर, व्यवसायिक भिडियो कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमाजिम हुनेछ।

८. **बहाल विटौली शुल्क:** नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौली शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **पार्किङ शुल्क:** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल गरिनेछ।

१०. **सेवा शुल्क दस्तुर:** नगरपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनुसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ।

गोकुल बस्नेत
नगर प्रमुख

११. **पर्यटन शुल्कः** नगरपालिकाले आफनो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१०) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमाजिम हुनेछ ।

१२. **सिफारिस तथा प्रमाणित दस्तुरः** नगरपालिकाले आफनो क्षेत्रभित्र अनुसूचि (११) मा उल्लेखित दरमा सिफारिस तथा प्रमाणित दस्तुर लगाइने र असुल गरिनेछ ।

१३. **घर नक्सा पास दस्तुरः** नगरपालिकाले आफनो क्षेत्रभित्र अनुसूचि (१२) मा उल्लेखित दरमा घर नक्सा पास दस्तुर लगाइने र असुल गरिनेछ ।

१४. **सिलबन्दी दरभाउपत्र/बोलपत्र सम्बन्धी :** नगरपालिकाले आफनो क्षेत्रभित्र आन्तरिक राजस्व अभिवृदि गर्न तथा स्थानीय स्थलहरुको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापन गर्न अनुसूचि (१३) मा उल्लेखित भए बमोजिमका क्षेत्रमा सिलबन्दी दरभाउपत्र आह्वान गर्नेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै किसिमको कर छुट दिईने छैन ।

१६. **धार्मिक क्षेत्र :** धार्मिक क्षेत्र भन्नाले धर्मप्रति आस्था राख्ने आम नागरिकले विना रोकावट खुला रुपमा आवत जावत गर्न सकिने क्षेत्रलाई सम्झनुपर्छ । सो शब्दले मठ,मन्दिर, विहार,चैत्य,गुम्बा,चर्च र मस्जिदलाई जनाउँछ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१८. **विविधः** नगरपालिकाले आफनो क्षेत्रभित्र अनुसूचि (१४) मा उल्लेखित विविध क्षेत्रमा शुल्क लगाइने र असुल गरिनेछ ।

मोहन खरोल
नगर प्रमुख

अनुसूची : १

दफा २ संग सम्बन्धित

मालपोत कर:

जग्गाको क्षेत्रफल	मालपोत दर	कैफियत
न्यूनतम दर	"क" र "ख" वर्गको लागी प्रति रोपनी "ग" र "घ" वर्गको लागी प्रति रोपनी जग्गा लिई बाँजो राखेमा थप (व्यवसायिक वृक्षारोपणलाई बाझो मानिने छैन ।)	रु. १००।- रु. ७५।- रु. २,०००।- प्रति रोपनी

- मालपोत दस्तुरको हकमा छुट दर्ता नामसारी जग्गाको मालपोत बक्यौता प्रति रोपनी रु. १५ का दरले लिने, जरीवाना नलाग्ने तर नगरपालिका भए पश्चातको हकमा हाल कायम दररेट नै लिने ।
- जग्गा बढ कायम गरी मालपोत तिर्न आएमा हाल कायम दररेट अनुसार नै दिने ।
- न्यूनतम १ रोपनी भन्दा कम जति नै क्षेत्रफल भए पनि तोकिए बमोजिम रु. १००/७५ नै लिने ।
- मालपोत कर असुल गर्दा घर कर समेत असुल गर्ने ।
- **जरिवाना सम्बन्धी व्यवस्था** :चालु आ.व. भित्र मालपोत नतिरेमा पहिलो वर्षको लागि २० प्रतिशत, दोस्रो वर्ष देखि प्रतिवर्ष ५ प्रतिशतका दरले वृद्धि गरिने र १६ वर्षपछि शत प्रतिशत जरिवाना असुल उपर गरिने ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूचीः २

दफा ३ संग सम्बन्धित

घर करः

घरको प्रकार	दर
पक्की घर	
४ कोठा सम्म	३००।-
४ कोठा भन्दा माथि ८ कोठा सम्म	५००।-
८ कोठा भन्दा माथि १२ कोठा सम्म	७००।-
१२ कोठा भन्दा माथि	१०००।-
कच्ची घर	२००।-
उद्योग व्यवसायिक ट्रष्ट सामान्य	५००।-
उद्योग व्यवसायिक ट्रष्ट ठुलो	१०००।-

नोटः

- विशुद्ध धार्मिक क्षेत्रको रुपमा मात्र रहेको भवनमा घर कर लिईने छैन, तर धार्मिक क्षेत्रभित्र संचालित कुनै पनि किसिमका व्यवसाय भएमा उक्त व्यवसाय संचालन गर्ने व्यवसायीले यस ऐन बमोजिमको व्यवसाय लगायत अन्य कर बार्षिक रुपमा बुझाउनुपर्नेछ ।
- घर जग्गा लाग्ने क्षेत्रहरुको मुल्याङ्कन गर्दा ०-८-०-० क्षेत्रफलमा निर्माण हुने संरचनालाई घर करको तोकिएको दरमा कर लगाईनेछ । सो भन्दा बढी क्षेत्रफलमा निर्माण हुने र नीजि आवास बाहेक अन्य प्रयोजनमा प्रयोग भएका संरचनाहरुलाई प्रति स्क्वायर फिट रु ५० पैसाका दरले कर लगाईनेछ ।
- अघिल्लो आर्थिक बर्षमा व्यवसाय कर बुझाउन छुट भएका व्यवसायीले ५ प्रतिशत बिलम्ब शुल्क बुझाउनु पर्नेछ ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची : ३

दफा४ संग सम्बन्धित

व्यवसाय कर

क्र.स.	शीर्षक	दर्ता शुल्क	नविकरण शुल्क
१	**होटल, लज, रेष्टरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान भण्डार**		
	क. मदिरा समेत विक्रि गर्ने होटल, रेष्टुरेन्ट	२,०००।	१०००।
	ख) होटल साधारण (विना तारे)	५०००।	३०००
	ग) रिसोर्ट (वार्षिक शुल्क)	३०,०००।	३०,०००।
	घ) एक तारे होटल	४०,०००।	४०,०००।
	ङ) दुई तारे होटल	५०,०००।	५०,०००।
	च) तिन तारे होटल	७०,०००।	७०,०००।
	ग. होटल सहित लज/गेष्ट हाउस	३,०००।-	३,०००।-
	घ. होटल मात्र (साना मदिरा समेत बिक्री गर्ने)	१,०००।-	१,०००।-
	ङ. होटल चिया पसल मिठाई पसल	५००।- १,०००।-	५००।- १,०००।-
२	टेन्ट हाउस र क्याटरिङ	२,०००।-	२,०००।-
३	सुन पसल चाँदी पसल सुन/चाँदी	३,०००।- १०००।- ५०००।-	३,०००।- १०००।- ५०००।-
४	एकोडियम पसल	५००।	५००।
५	**टेलरिङ व्यवसाय**		
	क. कपडा पसल सहितको टेलरिङ (ठूलो)	५,०००।-	५,०००।-
	कपडा पसल /फेन्सी पसल	१,५००।	१,५००।
	ख. कपडा पसल सहितको टेलरिङ (सानो)	१,०००।-	१,०००।-
	ग. टेलरिङ,सिलाई कटाई प्रशिक्षण	५००।-	५००।-
	घ) टेलरिङ	३००।	३००।
६	**सैलुन** • स्थानीयबाट सञ्चालित	५००।-	५००।-

नगर प्रमुख

	• स्थानीय भन्दा बाहिरको लागि	१,०००।-	१,०००।-
	क. व्यूटि पार्लर (तालिम समेत दिने)/कस्मेटिक पसल	१,०००।-	१,०००।-
	ख. व्यूटि पार्लर पसल मात्र/कस्मेटिक पसल	५००।-	५००।-
७	क. कम्प्युटर बिक्री	२,०००।-	२,०००।-
	ख. कम्प्युटर मर्मत	५००।-	५००।-
८	क. टि.भि./फ्रिज/क्यालकुलेटर /मोबाइल/जेनेरेटर बिक्री र मर्मत	१,५००।-	१,५००।-
९	घडी बिक्री तथा मर्मत	१,०००।-	१,०००।-
१०	हेभी इक्वीपमेन्ट, बस, ट्रक, कार, स्काभेटर, लहरी मर्मत कारखाना	५,०००।-	५,०००।-
११	जुत्ता तथा चप्पल बिक्री	५००।-	५००।-
१२	छाला जुत्ता व्यवसाय(घरमा बनाउने)	५००।-	५००।-
१३	जुत्ता चप्पल लगायत अन्य बिक्री गर्ने पसल	१०००।	१०००।
१४	साइकल बिक्री पसल	१५००।	१५००।
१५	मोटर साईकल मर्मत	२,०००।-	२,०००।-
१६	साईकल मर्मत	३००।-	३००।-
१७	ठेलागाडा व्यवसायी	५००।	५००।
१८	**मालबस्तु तथा सेवाको थोक विक्रेता(खाद्यान्न)**		
	क) ६ भन्दा बढी सामानहरुको डिलर (डिपार्टमेन्ट स्टोर)	५,०००।-	३०००।
	ख) ३ भन्दा बढी ६ वटा सम्म सामानहरुको डिलर	४,०००।-	२०००।
	ग) १ भन्दा बडी ३ वटा सम्म सामानको डिलर	३०००।-	१५००।
	घ) पेय पदार्थ डिलर • पानी तथा चिसो पेय पदार्थ • मदिरा डिलर	 २५००। ५०००।	१५००। ३०००।
१९	**औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयुर्वेदिक), चस्मा पसल**		
	क) थोक बिक्रेता	२,०००।-	२,०००।-
	ख) खुदा बिक्रेता	१,०००।-	१,०००।-
	ग) साना खुद्रा बिक्रेता	५००।-	५००।-
	घ) चश्मा पसल	५००।-	५००।-
२०	ल्याब	१,०००।-	१,०००।-
२१	पोलिक्लिनिक	८०००।	४०००
२२	निजी स्वास्थ्य संस्था सिफारिस (नर्सिङ्गहोम/हेल्थ सेन्टर)	२५,०००।-	१०,०००।-

मोहन बस्नेत
नगर प्रमुख

२३	निजी स्वास्थ्य संस्था सिफारिस (अस्पताल)	५०,०००।-	२०,०००।-
२४	ओ.जे.टी. अनुमती	प्रतिव्यक्ति रु १०००।-	
२५	निजी अस्पताल	१०,०००।-	५०००।
२६	डेन्टल क्लिनिक	५,०००।-	३०००।
२७	आयुर्वेद पसल	५००।-	५००।-
२८	फिजियोथेरापी	१०००।	१०००।
२९	पान पसल	५००।-	५००।-
३०	**लत्ता कपडा धुलाई तथा सरसफाई**		
	क) ड्राई क्लीनर्स	५००।-	५००।-
	ख) धोबी	२००।-	२००।-
३१	**आर्ट व्यवसाय**		
	क) कामदार राखि व्यवसाय गर्ने	१०००।-	७५०।
	ख) आफै गर्ने	५००।-	३००।
	ग) स्थानिय श्रोतबाट निर्मित मूर्ति व्यवसाय	१०००।-	१०००।-
	घ) बाह्य कच्चा पदार्थ निर्मित मूर्ति व्यवसाय	१५००।-	१५००।-
३२	बत्ति बिजुलीको सामानहरु		
	क) सामान्य	१०००।-	१०००।-
	ख) ठुलो	२०००।-	२०००।-
३३	**फोटो स्टुडियो**		
	क) कलर ल्याब फोटो स्टुडियो	२,०००।-	२,०००।-
	ख) फोटो स्टुडियो	१,०००।-	१,०००।-
३४	भाडा पसल (प्लाष्टिक, पित्तल, तामा, स्टिल, आल्मुनियम)	२,०००।-	२,०००।-
३५	माटोको भाँडा पसल	३००।-	३००।-
३६	फलामको भाडा पसल	५००।-	५००।-
३७	गिफ्ट तथा कस्मेटीक पसल	१,०००।-	१,०००।-
३८	प्लाई/ सिसा / कार्पेट / फ्रेम आदि बिक्री	२,०००।-	२,०००।-
३९	पेट्रोल पम्प	५०,०००।-	५०,०००।
४०	ग्यास सिलिण्डर डिपो	२,०००।-	२,०००।-
४१	टेम्पो मर्मत कारखाना	१,०००।-	१,०००।-
४२	रिक्सा मर्मत	२००।-	२००।-

जोडन बस्नेत
नगर प्रमुख

४३	मोटर साईकलको पाटर्स विक्री	३०००।-	१५००।
४४	कार,जिप,बस,ट्रक,टेक्टर आदिको पाटर्स विक्री	५०००।	२५००।
४५	लेथ सेक्सन तर्फ	२,०००।-	२,०००।-
४६	मोटर बडी बिल्डर्स	२,०००।-	२,०००।-
४७	टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत	१,०००।-	१,०००।-
४८	मोविल, ग्रिज बिक्री	१,०००।-	१,०००।-
४९	मोटर साईकल सो रुम	१०,०००।-	१००००।
५०	पशु/पंछी आहार उद्योग फिड्स	१,,५००।-	
५१	नगरपालिकाबाट लिइने सेवाको लागि व्यक्ति,फर्म,संस्था र लेखापरीक्षक सुचिकृत		५००
५२	बैक, फाईनान्स, वित्तीय संस्थाहरु तथा सहकारी बैक (नाफामुलक)		
	क) क वर्गको बैंक वा वित्तीय संस्था	३०,०००।-	
	ख) ख वर्गको बैंक वा वित्तीय संस्था	२५,०००।-	
	ग) ग वर्गको बैंक वा वित्तीय संस्था	१५,०००।-	
	३) घ वर्गको बैंक वा वित्तीय संस्था	१०,०००।-	
५३	**परामर्श सेवा**		
	क) इन्जिनियरिङ	५,०००।-	३०००।
	ख) शैक्षिक, टिउसन सेन्टर	५,०००।-	३०००।
	ग) कानुनी सेवा	५०००।	३०००।
५४	**निजी विद्यालय सञ्चालनको सिफारिस**		
	क्याम्पस,उच्च मा.वि	१०,०००।	
	माध्यमिक विद्यालय	८,०००।-	
	आधारभूत विद्यालय	६,०००।-	
	मन्टेश्वरी	५,०००।-	
५५	निजी विद्यालय कक्षा थपको सिफारिस		
	माध्यमिक विद्यालय	८,०००।-	
	आधारभूत विद्यालय	६,०००।-	
	मन्टेश्वरी	५,०००।-	
५६	ब्लक, रिङ,तारबार र सिमेन्टको पोल विक्री	३,०००।-	१५००।
५७	टायल/मार्वल विक्री	१००००	५०००।
५८	पाउरोटी / बरफ/ बिस्कुट तथा दालमोठ उद्योग	५,०००।-	२०००।

मोहन बरतौल
नगर प्रमुख

५९	प्लाष्टिकका सामानहरुको उद्योग	१०,०००।-	१०,०००।-
६०	मैनबत्ति तथा अगर बत्ति/अचार उद्योग	५००।-	५००।-
६१	मसला उद्योग	१,०००।-	१,०००।-
६२	कन्फेक्सनरी उद्योग	५०००।	३०००।
६३	**किराना पसल तथा अन्य**		
६४	मदिराको थोक बिक्रेता	३,०००।-	३,०००।-
६५	मदिरा बाहेक अन्य वस्तु बिक्री गर्ने थोक बिक्रेता	२,०००।-	२,०००।-
६६	किराना खुद्रा बिक्रेता	५००।-	५००।-
६७	मदिराको खुद्रा बिक्रेता	२,०००।-	२,०००।-
६८	मादल मर्मत तथा बिक्री	५००।-	५००।-
६९	सिरक डसना बिक्री	२,०००।-	२,०००।-
७०	ह्युम पाईप, विद्युत पोल उद्योग (ब्लक निर्माण समेत)	१०,०००।-	१०,०००।-
७१	झोला तयारी गर्ने उद्योग (प्लाष्टिक बाहेक)	५००।-	५००।-
७२	क्याण्डी उद्योग	१,०००।-	१,०००।-
७३	डेरी उद्योग	२,०००।-	२,०००।-
७४	पर्दा कार्पेट, फर्निसिङ्	२,०००।-	२,०००।-
७५	फर्निचर उद्योग ठुलो	५०००।	५०००।
७६	फर्निचर उद्योग सानो	३०००।	३०००।
७७	फर्निचर उद्योग ग्रामिण भेगको(स्थानिय काठबाट निर्माण गर्ने)	१,०००।-	१,०००।-
७८	**कवाडी**	१०,०००।-	५,०००।-
७९	फर्निचर सोरुम (तयारी सामान बेच्ने)	५,०००।-	५,०००।-
८०	वेन्सो प्रयोग गरी काठ चिरान गर्ने समिल	७,०००।-	७,०००।-
८१	आल्मोनियम, ग्रील उद्योग समेत	५,०००।	५,०००।
८२	ग्रिल,सटर उद्योग	३,०००।	३,०००।
८३	**मिल (कुटानी, पिसानी, पेलानी (सेलर, होलर, तेल, चिउरा आदि)**		
	क) कुटानी पिसानी	१,०००।-	
	ख) तेल मिल	१,०००।-	
८४	**माछा, मासु लगायत मासुजन्य पसल**		
	क) १ वटा मात्र Item को मासुजन्य पसल	१०००।-	१०००।-

गौतम बस्नेत
नगर प्रमुख

	ख) १ भन्दा माथि ३ वटा सम्म Item को मासुजन्य पसल	३०००।-	३०००।-
	ग) ३ भन्दा बढी Item को मासुजन्य पसल	५०००।-	५०००।-
८५	तरकारी, फलफुल तथा सागसब्जी पसल	५००।-	५००।-
८६	अण्डा बिक्री	१,०००।-	१,०००।-
८७	छाला संकलन तथा बिक्री	१,०००।-	१,०००।-
८८	डोको, नाम्लो, भकारी	५००।-	५००।-
८९	**बालुवा, ढुङ्गा, गिटि, डण्डी र सिमेन्ट खुद्रा विक्रेता**		
	क) १ Item मात्र	२०००।-	२०००।-
	ख) १ भन्दा बढी ३ Item सम्म	४०००।-	४०००।-
	ग) ३ Item भन्दा बढी	६०००।-	६०००।-
९०	**बालुवा, ढुङ्गा, गिटि, डण्डी र सिमेन्ट थोक विक्रेता**		
	क) १ Item मात्र	५०००।-	५०००।-
	ख) १ भन्दा बढी ३ Item सम्म	१००००।-	१००००।-
	ग) ३ भन्दा बढी ५ Item सम्म	१५०००।-	१५०००।-
	घ) ५ Item भन्दा माथि	२००००।-	२००००।-
९१	रंगरोगन र फिटिङ सामान	७,०००।-	७,०००।-
९२	रंगरोगन बिक्री	२,०००।-	२,०००।-
९३	क) इट्टा चिम्नी उद्योग दर्ता सिफारिस शुल्क	१०००००।	
	ख) इट्टा निकाशी शुल्क (वातावरण प्रदुषण कर,प्राकृतिक श्रोत उपयोग कर र पूर्वाधार उपयोग कर समेत)	वार्षिक ६ लाख (नगरकार्यपालिकाको कार्यालयले असुल गर्ने र नियमानुसारले हुने प्रतिशत सम्बन्धित वडामा फिर्ता गर्ने।)	
९४	मेटलको भाडा बनाउने	३,०००।-	३,०००।-
९५	पुस्तक, स्टेशनरी तथा खेलकुदका सामानहरुको बिक्री	१,०००।-	१,०००।-
९६	फ्लेक्स,होडिङ बोर्ड निर्माण	१०००।	१०००।
९७	फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ, कुरियर	१,०००।-	१,०००।-
९८	अन्य ईन्स्टीच्युट	१,५००।-	१,५००।-
९९	ड्राईभिङ इष्टिच्युट	२०००।	२०००।
१००	नृत्य प्रशिक्षण केन्द्र	१,०००।-	१,०००।-
१०१	छापाखाना तथा कपि, किताब उद्योग	१०,०००।-	५०००।
१०२	डिजिटल छापाखाना	३,०००।-	३,०००।-
१०३	साईबर,नेट फोन सेवा, केबुल लाईन (कम्युनिकेसन सेवा)	५,०००।-	५,०००।-

स्थानीय सरकार
नगर प्रमुख

१०४	**निर्माण व्यवसायी "घ" वर्ग**	२००००।-	१००००।-
१०५	व्यवसायको नामसारी र ठाउँसारी दस्तुर वार्षिक करको	शतप्रतिशत	
१०६	व्यवसाय बन्द गरेको सिफारिस	१०००।	१०००।
१०७	रसायनिक मल, विउ विजन, विषादी बिक्री	१,०००।-	१,०००।-
१०८	भिडियो मिक्सीङ,	५००।-	५००।-
१०९	बेरिङ रिपेरिङ तथा बिक्री	१०००।-	१०००।-
११०	मेशिनरी सामान बिक्री (मोटर, जेनेटर आदि क श्रेणी)	५,०००।-	५,०००।-
१११	मेशिनरी सामान बिक्री (मोटर, जेनेरेटर आदि ख श्रेणी)	२०००।-	२०००।-
११२	कृषि मोटर मर्मत	५००।-	५००।-
११३	रक क्लाइम्बिङ (प्रति व्यक्ति)	२००।-	२००।-
११४	रेमिटेन्स सेवा, मनि एक्सचेन्ज/टुर्स एण्ड ट्राभल्स	५०००।-	५०००।-
११५	रेमिटेन्स सेवा, मनि एक्सचेन्ज	२५००।	२५००।
११६	धितोपत्र कारोवार	१,०००।-	१,०००।-
११७	टुर्स एण्ड ट्राभल	१,०००।-	१,०००।-
११८	कुरियर तथा कार्गो सेवा	१,०००।-	१,०००।-
११९	भेटनरी सेवा	१०००।-	१०००।-
१२०	जडिबुटी वनजन्य उद्योग (खोटो लगायत)	१२,०००।-	१२,०००।-
१२१	व्यवसायीक कृषि फर्म	१,०००।-	१,०००।-
१२२	बहुउदेश्यीय कृषि फर्म	३०००।-	३०००।-
१२३	पानी प्रशोधन उद्योग (ठूला उद्योग)	२५,०००।-	२५,०००।-
१२४	पानी प्रशोधन उद्योग (मझौला उद्योग)	२०,०००।-	२०,०००।-
१२५	क) ग्याँस रिफिलिङ प्लान्ट तथा अक्सिजन उद्योग/एल.पि.जि. फिलिङ ख) अक्सिजन	१,२५,०००।- ७५,०००।-	१,२५,०००।- ७५,०००।-
१२६	पानी प्रशोधन तथा फुड एण्ड बेबरेज	३५,०००।-	३५,०००।-
१२७	फुड एण्ड बेबरेज मात्र	३०,०००।-	३०,०००।-
१२८	नर्सरी व्यवसाय / पुष्प व्यवसाय	१०००।-	१०००।-
१२९	ड्राइङ, कार्डिङ उद्योग	१०,०००।-	१०,०००।-
१३०	गार्मेन्ट उद्योग	५,०००।-	५,०००।-
१३१	आल्मुनियम, फेब्रिकेशन उद्योग	५,०००।-	५,०००।-
१३२	**देहायका उद्योगको दर्ता/नवीकरण/सुचिकृत**(नगरकार्यपालिकाको कार्यालयले असुल गर्ने र		

जोडुज बस्नेत
नगर प्रमुख

	नियमानुसारले हुने प्रतिशत सम्बन्धित वडामा फिर्ता गर्ने)		
	क) ढुङ्गाखानी उद्योग	२,००,०००।-	२,००,०००।-
	ख) क्रसर उद्योग	२,००,०००।-	२,००,०००।-
	ग) ढुङ्गा खानी सहित क्रसर उद्योग	२,५०,०००।-	२,५०,०००।-
	घ) बालुवाखानी	२,००,०००।-	२,००,०००।-
	ङ) बालुवा वासिङ सहित प्रशोधन	२,५०,०००।-	२,५०,०००।-
१३३	व्यवसायिक पोल्ट्री फर्म	५,०००।-	५,०००।-
१३४	विशेष चाड पर्वमा हुने हाट बजारमा प्रतिगोटा दोपाया चौपायाको	१५।	
१३५	चौपाया संकलन तथा विक्री केन्द्र	१०,०००।-	१०,०००।-
१३६	लुगा,खेलौना लगायतका सामाग्री हाटबजार(प्रति दिन)	१००।	
१३७	होम स्टे	१,०००।-	१,०००।-
१३८	गाई /भैसी/बाखा फर्म दर्ता	२,०००।-	२,०००।-
१३९	वंगुर फर्म	३,०००।-	३,०००।-
१४०	वंगुर समेत अन्य फर्म	५०००।-	५०००।-
१४१	पार्टी प्यालेस (वार्षिक)	५०००।-	५०००।
१४२	व्याग पसल	५००।-	५००।-
१४३	व्याग / जुत्ता लगायत अन्य सामाग्री भएको पसल	१५००।	१५००।
१४४	कालिज,अष्ट्रिच,बट्टाई,टर्की लगायतका पंक्षी फर्म	५०००।-	५०००।-
१४५	पानी सप्लायर्स	२०००।-	२०००।-
१४६	पुजा सामाग्री पसल	५००।-	५००।-
१४७	केवुलकार इजाजत पत्र (सहमती)	८००,०००।	
१४८	बार्षिक विज्ञापन तथा होडिङ बोर्ड(सार्वजनिक स्थानमा फ्लेक्स बाहेक)	२,००,०००।	
१४९	विभिन्न पंक्षीका चल्ला सहित आहार(दाना) पसल	५०००।	२५००।
१५०	स्पा एण्ड रिसर्च सेन्टर	५०००।	५०००।

- धार्मिक क्षेत्रभित्र कुनै पनि किशिमको व्यवसाय संचालन गर्न पाइनेछैन । यदि धार्मिक क्षेत्रभित्र संचालित कुनै पनि किशिमका व्यवसाय भएमा उक्त व्यवसाय संचालन गर्ने व्यवसायीले यस ऐन बमोजिमको व्यवसायिक कर बार्षिक रुपमा बुझाउनुपर्नेछ ।
- अघिल्लो आर्थिक बर्षमा व्यवसाय कर बुझाउन छुट भएका व्यवसायीले व्यवसाय दर्ता भएदेखि प्रतिवर्ष ५ प्रतिशत बिलम्ब शुल्क बुझाउनु पर्नेछ ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची : ४

दफा ५ संग सम्बन्धित

सवारी कर :

क्र.सं.	विवरण	दर (रू.) मा
१	बस, ट्रक, लहरी आदि हेवी सवारी साधन वार्षिक	२,०००।-
२	भाडाका कार, जीप, माइक्रो बस वार्षिक	१,०००।-
३	भाडाका टेम्पोमा वार्षिक	४००।-
४	निजी कार, टेम्पो मिनिबस वार्षिक	७००।-
५	भाडाका मिनिबस वार्षिक	१,५००।-
६	पावरटेलर वार्षिक	३००।-
७	मोटरसाईकल	१००।-
८	ठेलागाडा, रिक्सा वार्षिक	२००।-

पटके सवारी कर:

क्र.सं.	सवारी साधन	दर (रू.) मा
१	बस, ट्रक लगायत ठूला सवारी साधन	५०।–
२	माइक्रो/कार/जीप (भाडाका)	२५।–
३	माइक्रो/कार/जीप (निजी)	२०।–
४	मोटरसाईकल/स्कुटर	१०।-
५	मोटरसाईकल/स्कुटर दर्ता शुल्क वार्षिक	२००।-

नोटः

- एम्बुलेन्सलाई छुट हुनेछ ।
- नगरपालिका र नगरपालिका अर्न्तगतका वडा कार्यालयमा दर्ता भएका मोटरसाईकलको हकमा उक्त दस्मा छुट ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची : ५

दफा ६ संग सम्बन्धित

विज्ञापन कर :

विज्ञापन करको दर वार्षिक :

क.सं.	विवरण	दर (रू.) मा
१	ग्लो साइनबोर्ड, डिपिएस बोर्ड र अन्य साइनबोर्ड प्रति वर्ग फिट	१००।-
२	वाल पेन्ट विज्ञापन प्रति वर्ग फिट	१०।-
३	व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा	५००।-

गोकुल बस्नेत
नगर प्रमुख

अनुसूची : ६

दफा ७ संग सम्बन्धित

मनोरञ्जन कर(प्रतिदिन) :

(क) सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शनी हल, थ्रिएटर, संगीत तथा मनोरञ्जन प्रदर्शनस्थलको प्रवेश शुल्क रु. १०।-

(ख) जादु, सर्कश, चटक आदिमा प्रतिदिन रू. ५००।– मासिक रू. १०,०००।-

(ग) ठूला चलचित्र छायांकन - रु. २,०००।-

(घ) टेली चलचित्र छायांकन - रु. १,०००।-

(ङ) म्यूजिक भिडियो छायांकन - रु. ५००।-

(च) वनभोज (पिक्निक) - रु. १,०००।- (दक्षिणकाली क्षेत्र बाहेक)

सिनेमा हल कर:

क) दैनिक रुपमा संचालन हुने - रु. ५,०००।-

ख) आंशिक रुपमा संचालन हुने - रु. २,०००।-

व्यवसायिक भिडियो कर:

(क) नगर क्षेत्रभित्र संचालित व्यवसायिक केवुल व्यवसायमा वार्षिक - रु. १२,०००।–

(ख) इन्टरनेट सेवा प्रदायक वार्षिक - रु. ५,०००।-

(ग) टेलिफोन कम्पनीले टावर जडानको स्वीकृति दस्तुर - रु. २५,०००।-

(घ) टेलिफोन कम्पनीले टावर जडानको नवीकरण दस्तुर वार्षिक - रु. २०,०००।-

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची : ७

दफा ८ संग सम्बन्धित

बहाल कर :

क) घर बहाल कर :

नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट ५ प्रतिशत वहालकर लिने ।

(ख) बहाल विटौरी कर :

नगर क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत बजार क्षेत्रमा रु १० तथा ग्रामिण क्षेत्रमा रु ५ प्रति वर्गफिट मासिक वहाल विटौरी लिने ।

ग) जग्गा बहाल कर :

कृषि प्रयोजनलाई दिएकोमा(जग्गा धनीसँग) बहाल कर १ प्रतिशत र औधोगिक लगायत अन्य प्रयोजनको लागि दिएकोमा(जग्गा धनीसँग) ४ प्रतिशत बहाल कर लिने ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची : ८

दफा ९ संग सम्बन्धित

पार्किङ शुल्क(प्रतिदिन)

मोटर साईकल - रु. १० प्रति वटा

कार,जिप,डेलिभरी भ्यान - रु. ३० प्रति वटा

बस,ट्रक,हेभी गाडी - रु. ५० प्रति वटा

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची : ९

दफा १० संग सम्बन्धित

सेवा शुल्कः

क्र.सं.	सेवाको किसिम	साविकको दर दर (रू.) मा	कैफियत
१	पक्की घरको सर्जमिन वापत	६००।-	
२	कच्ची घरको सर्जमिन वापत	३००।-	
३	जग्गाको सर्जमिन	६००।-	
४	अचल सम्पत्ति मूल्याकंन	प्रति लाख रु १००।-	
५	आम्दानी प्रमाणित	प्रति लाख रु १००।-	
६	विद्यार्थीको लागि सम्पत्ति मुल्याङकन	२०००।-	
७	विद्यार्थीको लागि आम्दानी प्रमाणित	५००।-	
८	रकम कलम उठाई दिएवापत	२%	
९	मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा)	५००।-/५००।-	
१०	मुद्दा निवेदन दस्तुर	१००।	न्यायिक समिति
११	साँध सिमाना नाँपजाँच दस्तुर	अमिन सेवा शुल्क सरह	"
१२	आपसी लेनदेनको कारोबार रकमको	१ प्रतिशत दस्तुर	"
१३	प्रतिलिपी उतार दस्तुर(प्रति पाना)	रु १०।	"
१४	घर नम्वरिङ्ग प्लेट प्रति गोटा	१००।-	
१५	आमा समुह/टोल सुधार समिति/उपभोक्ता समिति/युवा समूह,कृषक समूह लगायत अन्य समूह दर्ता शुल्क/नविकरण	५००।-	
१६	नागरिकता सर्जमिन मुचुल्का शुल्क	३००।-	
१७	कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन क) घरेलु उद्योग सर्जिमिन ख) मझौला उद्योग सर्जिमिन ग) ठूला उद्योग सर्जिमन	 ५००।- २,०००।- ३,०००।-	
१८	अन्य मुचुल्काहरु	५००।-	
१९	अमिन सेवा शुल्क	एक रोपनीसम्मको रु. १०००।- र त्यसपछि प्रति रोपनी रु २००।- का दरले थप हुने।	
२०	फोहोरमैला संकलन सेवा शुल्क(मासिक) नगरपालिकाले तोकिएको क्षेत्रभित्र		

गोकुल बरोल
नगर प्रमुख

	घरधुरी (४ जना सम्मको परिवार भएको)	१००	
	घरधुरी(५ भन्दा बढी परिवार भएको) पसल कवल	१५०	
	चिया,किराना पसल लगायत अन्य खुद्रा पसल	२५०।	
	मासुजन्य पसल(सानो)	२००	
	डिपार्टमेन्ट स्टोर लगायत थोक विक्रेता पसल	५००।	
	मासुजन्य पसल (ठुलो)	५००।	
	मु.अ.करमा दर्ता भएको होटल	१०००।	
	रेष्टुरेन्ट	३५०।	
	गेष्ट हाउस	१०००।	
	संस्थाँ,विद्यालय,क्याम्पसहरु	५०० ।	
	मठ,मन्दिर,गुम्वा,चैत्य,मस्जिद	१५००।	
	अपार्टमेन्ट,कोलोनी,हाउजिङ	२०००।	
	वधशालाहरु	५००	
	सामाजिक पिकनिक स्थलहरु (सम्वन्धित पक्ष तथा ठेकदारसँग)	१०००।	
	अन्य ठुला कलकारखानाहरु	२५००।	
२१	हस्पिटल	१५००।	
	औषधी तथा औषधीजन्य पसल(पोलिक्लिनिक समेत)	५००।	
	हार्डवेयर,रंगरोगंन,वक्ति,अटोपार्ट्स	३००।	
	अन्य सामान्य व्यवसायिक पसल	१५०।	

नोट : फोहोरमैला शुल्क हेरफेर गर्नु परेमा नगरपालिकाले गठन गरेको फोहोरमैला व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार गरिने छ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची : १०
दफा ११ संग सम्बन्धित

पर्यटक प्रवेश शुल्क

सार्क राष्टका पर्यटक - रु. १०० प्रति व्यक्ति

अन्य राष्टका पर्यटक - रु. २०० प्रति व्यक्ति

मोहन बरुवेत
नगर प्रमुख

अनुसूची : ११
दफा १२ संग सम्बन्धित

सिफारिस तथा प्रमाणित दस्तुर :

क्र.सं.	सेवाको किसिम	दस्तुर	कैफियत
१	ठाडो लिखत प्रमाणित	५००।-	
२	साँध सिमाना प्रमाणित	५००।-	
३	नागरिकता प्रमाणपत्रको सिफारिस (अनुसूची र फाराम बाहेक)	५०।-	
४	जग्गा नामसारी सिफारिस प्रति सिफारिस • ०-८-०-० आना सम्म • थप प्रतिआना	५००।- १५।-	
५	जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपी सिफारिस/तीन पुस्ते फोटो प्रमाणित	५००।-	
६	नामथर संशोधन सिफारिस	५००।-	
७	घर निर्माण सम्पन्न प्रमाण-पत्र (पक्की)	१,०००।-	
८	घर निर्माण सम्पन्न प्रमाण-पत्र (कच्ची घर, टहरा आदी)	५००।-	
९	घर कायम (पक्की घर)	१,०००।-	
१०	घर कायम (कच्ची घर)	५००।-	
११	घर नक्सा नामसारी पक्की (एकाघर तीनपुस्ते भित्र)	५००।-	
१२	घर नक्सा नामसारी पक्की (एकाघर नभएमा)	नक्सापासमा तोकिएको दरको ५० प्रतिशत	
१३	कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी	३००।-	
१४	कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी	३००।-	
१५	सबै प्रतिलिपी (एकमुष्ठ)	१००।-	
१६	अस्थायी टहरा निर्माणको इजाजत दस्तुर (व्यवसायीक ठूला उद्योगहरु प्रति वर्ग फिट)	१५ दिन सम्म रू २।-एक महिना सम्म रू.३।- र सो भन्दा माथि रू.४।-	

मोहन बस्नेत
नगर प्रमुख

१७	विद्युत जडानको सिफारिस दस्तुर (घर प्रयोजन)	५००।	
१८	निजी धारा वा टेलिफोन लाईन जडान सिफारिस दस्तुर	५००।	
१९	विद्युत/धारा मिटर ठाउँसारी र नामसारी सिफारिस दस्तुर	५००।-	
२०	बैदेशिक रोजगारको लागि सिफारिस	५००।-	
२१	परिवार ल्याएको/लगेको सिफारिस	१,०००।-	
२२	विवाह दर्ता सिफारिस (विदेशीसँग)	५,०००।-	
२३	नाता प्रमाणित दस्तुर (मृतक/जिवित)	५००।-	
२४	बसोवास प्रमाणित (प्रति व्यक्ति) (बैदेशिक प्रयोजन)	१,०००।-	
२५	बसोवास प्रमाणित (प्रति व्यक्ति) (स्वदेशी प्रयोजन)	२००।-	
२६	अस्थाई बसोबासको सिफारिस स्वदेशी विदेशी	 ५००।- १,०००।-	
२७	विद्युत जडान सिफारिस (व्यवसाय ३२ एम्पायर सम्म)	१०००।-	
२८	विद्युत जडान सिफारिस (३ फेज) व्यवसायिक	५,०००।-	
२९	विद्युत जडान सिफारिस (ट्रान्सर्फमर सहित) २०० के.भी. सम्मको ५०० के.भी. सम्मको १००० के.भी. भन्दा माथिको	 १०,०००।- १५,०००।- २०,०००।-	
३०	<u>सहकारी संस्था नयाँ दर्ता दस्तुर</u> कृषि सहकारी संस्था बहुउद्देश्यीय सहकारी संस्था बचत तथा ऋण सहकारी संस्था	 ३,०००।- २०,०००।- १५,०००।-	नगरकार्यपालिका को कार्यालयले असुल गर्ने
३१	सहकारी संस्था नवीकरण दस्तुर (कारोबारको आधारमा) <u>कृषि सहकारी संस्था</u> २० लाख देखि ५० लाखसम्म ५० लाख देखि १ करोडसम्म १ करोड देखि ५ करोडसम्म ५ करोड देखि माथि <u>बहुउद्देश्यीय सहकारी संस्था</u> २० लाख देखि ५० लाखसम्म ५० लाख देखि १ करोडसम्म १ करोड देखि ५ करोडसम्म	 २,०००।- ३,०००।- ४,०००।- ५,०००।- ४,०००।- ६,०००।- ८,०००।-	नगरकार्यपालिका को कार्यालयले असुल गर्ने

नगर प्रमुख

	५ करोड देखि माथि **बचत तथा ऋण सहकारी संस्था** २० लाख देखि ५० लाखसम्म ५० लाख देखि १ करोडसम्म १ करोड देखि ५ करोडसम्म ५ करोड देखि माथि	१०,०००।- ३,०००।- ४,०००।- ५,०००।- ६,०००।-			
३२	**मोही नामसारी सिफारिस** एकाघर भन्दा बाहेकको लागि रु. (प्रतिआना)	क वर्ग ६५।	ख वर्ग ५५।	ग वर्ग ४५।	घ वर्ग ३५।
३३	मोही नामसारी सिफारिस एकाघर भित्र (तिनपुस्ते भित्र) ०-८-०-० सम्म थप प्रतिआना	५००।- १५।-			
३४	ठुला उद्योग स्थापनाको सिफारिस	५०,०००।-			
३५	मझौला उद्योग स्थापनाको सिफारिस	२०,०००।-			
३६	मझौला उद्योग (कृषिजन्य) स्थापनाको सिफारिस	१०,०००।-			
३७	साना तथा घरेलु उद्योगको सिफारिस	५,०००।-			नगर स्थायीबासीलाई ५०प्रतिशत छुट
३८	साना तथा घरेलु उद्योग (कृषिजन्य)को सिफारिस	१,०००।-			
३९	रूख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) संख्या एकिन पश्चात	१००।- घर प्रयोजन ३००।- व्यवसायिक प्रयोजन			
४०	नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस	निशुल्क			
४१	भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस	१०००।-			
४२	अन्य मुलुकको पेन्सनपट्टा सिफारिस	२०००।-			
४३	अपुताली सिफारिस (नेपालको लागि)	२,०००।-			
४४	व्यक्तिगत घटनादर्ता (जन्म ,मृत्यु, विवाह, सम्बन्ध विच्छेद, अविवाहिता, बसाईसराई) ३५ दिन सम्म शुल्क नलाग्ने ३५ दिन पछि विलम्ब शुल्क	५०।-			

गोपुल बस्नेत
नगर प्रमुख

४५	साधारण सिफारिस (जेष्ठ नागरिक ७० वर्ष पुरा भएको/रातो कार्ड भएको अपाङ्ग/एकल महिलालाई निशुल्क)	२००।-	
४६	योगा ध्यान केन्द्र दर्ता सिफारिस • स्वदेशी • विदेशी	१,०००।- ५,०००।-	
४७	योगा ध्यान केन्द्र नविकरण सिफारिस • स्वदेशी • विदेशी	५००। १०००।	
४८	अंग्रेजीमा सिफारिस (प्रति सिफारिस)(विद्यार्थीहरुको लागि ५० प्रतिशत छुट)	५००।-	
४९	अंग्रेजीमा नाता कायम (विद्यार्थीहरुको लागि ५० प्रतिशत छुट)	१०००।-	
५०	कर चुक्ता सिफारिस (विद्यार्थीहरुको लागि ५० प्रतिशत छुट)	५००।-	
५१	**संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भएका गैरसरकारी सस्थाहरुको कारोबारको आधारमा**		
	५ लाख सम्म	५००।-	नगरकार्यपालिकाको कार्यालयले असुल गर्ने ।
	५ भन्दा माथि १० लाख	१०००।-	
	१० भन्दा माथि २५ लाख सम्म	१५००।-	
	२५ भन्दा माथि ५० लाख सम्म	२०००।-	
	५० भन्दा माथि ७५ लाख सम्म	२५००।-	
	७५ लाख भन्दा माथि १ करोड सम्म	३०००।-	
	१ करोड भन्दा माथि १२५ लाख सम्म	३५००।-	
	१२५ लाख भन्दा माथि १५० लाख सम्म	४०००।-	
	१५० लाख भन्दा माथि १७५ लाख सम्म	४५००।-	
	१७५ लाख भन्दा माथि २ करोड सम्म	५०००।-	
	२ करोड भन्दा माथि ३ करोड सम्म	६०००।-	

मोहन बस्नेत
नगर प्रमुख

	३ करोड भन्दा माथि ४ करोड सम्म	७०००।-	
	४ करोड भन्दा माथि ५ करोड सम्म	८०००।-	
	५ करोड भन्दा माथि	१००००।-	
५९	संघसंस्था अनुगमन सिफारिस	१०००।-	
६०	अन्य जिल्ला सिफारिस	१०००।-	

सिफारिसः

क्र.सं.	घरबाटो सिफारिस	अंशवण्डा (प्रति सिफारिस)	रजिष्ट्रशन प्रयोजन (प्रति आना)	कैफियत
१.	• दक्षिणकाली मुल सडक • सहायक पक्की सडक • कच्ची मोटरबाटो • गोरेटो बाटो/अन्य घर बाटो	रु. १,०००।- रु. ८००।- रु. ७००।- रु. ५००।-	रु. ५००।- रु. ४००।- रु. ३००।- रु. २००।-	बढ कायमको लागि घरबाटो सरह
२.	• फर्पिङ टल्कु फर्पिङ छैमले • सहायक पक्कीसडक • कच्ची मोटरबाटो • गोरेटो बाटो/अन्य घर बाटो	रु. ८००।- रु. ७००।- रु. ६००।- रु. ५००।-	रु. ४००।- रु. ३००।- रु. २००।- रु. १००।-	
४.	जग्गामा घर समेत भएकोमा (घरको मुल्य अनुसार) क) कच्ची घर ख) पक्की घर	रजिष्ट्रशन प्रयोजनको लागि तोकिएका दरको ५० प्रतिशत	०.०१ प्रतिशत ०.०२ प्रतिशत	

नोट : जति क्षेत्रफलको कारोबार गरिने हो सोही बमोजिम मात्र सिफारिस दस्तुर लाग्नेछ ।

चार किल्ला प्रमाणित :

क्र.सं.	विवरण	दर (रू.) मा
१	क. दक्षिणकाली पक्की मूल सडकले छोएको दायाँबायाँ प्रति आना ख. सहायक पक्की सडकबाट छोएको दायाँबाया प्रति आना ग. कच्ची मोटरबाटो छोएको दायाँबाया प्रति आना घ. गोरेटो र क, ख र ग बाहेक प्रति रोपनी	१००।- ५०।- ४०।- २५०।-

प्रमाणित गर्नेको
नगर प्रमुख

अनुसूची : १२

दफा १३ संग सम्बन्धित

घर नक्सा पास दस्तुर :

क्र.सं.	विवरण	रकम (रू.) मा
१	कम्पनी वा इन्जिनियरिङ कन्सल्टेन्सी अनुमती	१०,०००।-
२	नक्सा पास निवेदन सहित नक्सा किताब (भुकम्प पिडितलाई ५० प्रतिशत छुट,यो व्यवस्था भुकम्प निजी आवास अनुदानको म्याद रहेसम्म लागु हुनेछ)	१०००।-
३	पक्की घर प्रति वर्ग फिट दस्तुर ३००० वर्गफिट सम्म ३००० वर्गफिट भन्दा माथि पर्खाल प्रति वर्ग फिट दस्तुर (नेपाल सरकारले तोकेको भवन मोडेल अनुसार पुर्नआवास अनुसार घर निर्माण गरिएको छ भने पूर्ण रुपमा राजस्व छुट दिईनेछ र यदि ती भवन मोडेल भन्दा भिन्न प्रकारको घर निर्माण भएको र निजसँग भूकम्प पीडित कार्ड छ भने १ तला सम्म ७५ प्रतिशत छुट दिने ।(० -१-०-० क्षेत्रफलमा निर्माण हुने घरको हकमा कुल क्षेत्रफलमा ७५ प्रतिशत छुट हुने,भुकम्प पिडितका लागि मात्र ।) (यो व्यवस्था भुकम्प निजी आवास अनुदानको म्याद रहेसम्म लागु हुनेछ) तथा बाँकीको तोकिएबमोजिम कर तिर्नुपर्नेछ ।	रु. १०।- रु. १५।- रु. ११-
४	उद्योग व्यवसाय संचालन गर्नको लागि निर्माण हुने संरचनाको नक्सा पास दस्तुर प्रति वर्ग फिट	१५।
५	कच्ची तथा अस्थायी घर/टहरा निर्माणको नक्सापास प्रति वर्ग फिट दस्तुर	२।-
६	नगरपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सापास गर्दा प्रति वर्ग फिट	५।-
७	साविक गा.वि.स.मा नक्सापासको लागि दर्ता गरि राजश्व बुझाईसकेको हकमा अभिलेखीकरण गर्न सेवाशुल्क	१०००।-
८	साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु परेमा एकमुष्ट स्विकृत दस्तुर	२,०००।-
९	अपार्टमेन्ट, हाउजिङ्ग, होटेल, कोलनी र ५ हजार वर्गफुट भन्दा माथिको संघसंस्थाको घर नक्सा पास	रु २० (प्रति वर्ग फिट)
१०	नक्सापास संशोधन (क्षेत्रफल थप भएकोमा साविक तोकिएको दर थप गरी राजश्व असुल गरिनेछ ।)	१०००।
११	नक्सापास नामसारी(एकाघर बाहिर)	रु ५ (प्रति वर्ग फिट)
१२	नक्सापास नामसारी(एकाघर भित्र)	२०००।

नोटः

- प्रथम पटक नक्सा पास प्रतिलिपी प्रमाणीत प्रमाणपत्र दिंदा रु. ५०।-
- दोश्रो पटक नक्सा पास प्रतिलिपी प्रमाणीत प्रमाणपत्र दिंदा रु. ५००।-

पून : ३ महिना भित्र भवन अभिलेखीकरणको लागि आवह्नन गर्ने ।

मोहन बराजेत
नगर प्रमुख

अनुसूची : १३

दफा १४ संग सम्बन्धित

यस दक्षिणकाली नगरपालिकाको आन्तरिक राजस्व स्रोत वृद्धि गर्न तथा स्थानीय स्थलहरुको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्ने प्रयोजनार्थ देहाय बमोजिमको क्षेत्रमा सिलबन्दी दरभाउपत्र (टेण्डर) आह्वान गर्ने ।

<u>तपसिल</u>

- गोरखनाथ, सरस्वती, बज्रयोगिनी मन्दिर
- शेषनारायण मन्दिर
- टाटा सुमो पार्क
- ट्रिपर कर
- नारायण डबली
- फुटबलचौर, शौचालय
- चाल्नाखेल सार्वजनिक शौचालय/सटर
- १ नं. वडा कार्यालय सटर
- पार्क हाउस, पिकनिक स्पोर्ट

टेण्डरबाट प्राप्त हुने राजश्व

क.स.	ठेगाना	संख्या	प्रति महिना दर	वार्षिक दर	कैफियत
१.	**वडा नं १ सटर**				
	१ वटा	१	३,५००	४२,०००।-	
	३ वटा	३	२,०००	७२,०००।-	
	१ वटा	१	१,५००	१८,००० ।-	
	जम्मा			१,३२,००० ।-	
२.	पावर हाउस, पिकनिक स्पोट (पार्किङ र सरसफाई शुल्क) वडा नं. ३			२,००,०००।-	
३.	२ वटा सटर (वडा नं. ४)	२	१,०००	२४,०००।-	
४.	गोरखनाथ,सरस्वती, बज्रयोगिनी मन्दिर, वडा नं. ५			४,००,०००।-	
५.	शेषनारायण मन्दिर, वडा नं. ५			२,००,०००।-	
६.	**वडा नं. ५ सटर तथा पाटी**				
	४ सटर	४	५,०००	२,४०,०००।-	
	१ सटर	१	१,५००	१८,००० ।-	

लोकेश कुमार
नगर प्रमुख

	शेषनारायण पसल कवल	३	३०००।-	१०८०००।-	
	वडा नं. ५ कार्यालय अगाडी पसल कवल	१	१५००।-	१८०००।-	
	शेषनारायण पाटी	१	१५०० ।-	१८०००।-	
	१ फल्याट	१	८,०००।-	९६,०००	
	वडा नं. ८ को क्लब भवनको ३ वटा कोठा	३	१,००० ।-	३६,०००	
८.	ढुंगा, गिटी बालुवा निकासी कर			२,३०,००,०००।-	
९.	पटके सवारी कर			४०,००,०००।-	- फर्पिङ्ग टल्कु हमाने र फर्पिङ्ग छैमले हुँदै मकवानपुर जाने बाटो समेत । (अन्य व्यवस्था लागु नभएसम्मको लागी लागु हुने ।)
टेण्डरबाट कुल जम्मा				२,८५,२१,५००।-	
कोपु गाउँ फलफुल खेती पार्क				१०,००,०००।-	
बाँसबारी पिकनिक स्पोर्ट				१०,००,०००।-	
बाल उद्यान पोखरी, ग्वाल्दह				५,००,०००।-	
चाल्नाखेल ट्रष्ट, हात्तिवन ट्रष्ट				१०,००,०००।-	
पौचे डाँडा, चिल्ड्रेन पार्क				१०,००,०००।-	
शेषनारायण पिकनिक स्पोर्ट, बाल उद्यान र पौडी पोखरी				२९,४२,५००।-	
फ्याकुल डाँडा सुमो/बस पार्क				१५,००,०००।-	
डाँडीखेल पर्यटन				१०,००,०००।-	
नानीबाबु स्मृती व्यवसायीक भवन				३,००,०००।-	
खहरेमा पानी ट्याङ्कर				१०,००,०००।-	
दक्षिणकाली चौकोट देवी केबर कार				१०,००,०००।-	
के.यु.के.एल.				३०,००,०००।-	
सातमुल पानी ट्याङ्कर				१०,००,०००।-	
नयाँ वर्ष कटुवाल दह मेला				४,००,०००।-	
घर नक्सा पास				३०,००,०००।-	
बागमती कोरीडोर छेउका पसलहरु				१०,००,०००।-	

मोहन घरन्ती
नगर प्रमुख

मनकामना मन्दिरको पिकनिक पार्क	२,००,०००।-	
जाति पोखरी पर्यटकीय स्थल	२,००,०००।-	
हात्तिवनमा हाईकिङ रुट, चिडियाघर	३०,००,०००।-	
स्थानीय मेला पर्व जात्राका स्टलहरु	१०,००,०००।-	
दक्षिणकाली क्षेत्र प्रबन्ध समितिबाट आउने	१२,००,०००।-	
छैमले शहीद पार्क, स्याउले बजार व्यवस्थापन	१०,००,०००।-	
कुल जम्मा	५५,७६४,०००	

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची : १४

दफा १५ संग सम्बन्धित

विविध

मूल्याङ्कनका आधारहरु :

क. जग्गा तर्फ :

मालपोत कार्यालय, कलंकीलेरजिष्ट्रेशन पास निमित्त नगरक्षेत्रमा निर्धारण गरेको न्यूनतम दररेटलाई ५० प्रतिशत र चलनचल्तीको स्वघोषणा (मालपोतले गरेको भन्दा कम नहुनेगरी) मूल्याङ्कनलाई ५० प्रतिशत भार दिई हुने कुल मूल्याङ्कनलाई आधार मानिने ।

१०. विविध शुल्क :

१. नगर क्षेत्रबाट खनिज पदार्थको रुपमा व्यवसायिक प्रयोजनार्थ खानेपानी विक्री गर्ने व्यवसायीहरुबाट निम्नानुसार खानेपानी सेवा शुल्क लिने :

क) २००० लि. सम्म प्रति ट्रिप - रु. ५०।-
ख) २००० देखि ६००० सम्म प्रति ट्रिप- रु. १००।-
ग) ६००० लि. देखि माथि प्रति ट्रिप - रु. १५०।-

२. ढुंगा,गिट्टी,बालुवा,रोडा,ग्रावेल,डष्ट तथा निजी जग्गाबाट उत्पादित माटो समेतको संकलन तथा विक्री कर
– मालबाहकको किसिम : ट्रयाक्टर/हाफ ढाला ट्रक/ट्रक/सानो ट्रिपर/ट्रिपर/१० चक्के ट्रिपर/१२ चक्के ट्रिपर

विवरण	इकाई	मुल्य रु.	
		संकलन शुल्क	विक्री शुल्क
ढुंगा,गिट्टी,बालुवा,रोडा,ग्रावे,डष्ट,घाट गद्दी संकलन तथा बिक्री	प्रति घनफिट	रु ३।-	रु ६।-
माटो घाट गद्दी संकलन तथा बिक्री शुल्क	प्रति घनफिट	पचास पैसा	रु २।-

(उल्लेखित रकममा मुल्य अभिवृद्धि कर बाहेकको हुनेछ । निकासी शुल्क लगाउँदा प्रभावित क्षेत्रको वडाको सिफारिसमा प्रभावित क्षेत्रका वडाको स्थानीयहरुलाई व्यक्तिगत प्रयोजनको लागी छुटको व्यवस्था मिलाउने ।)

मोहन बस्नेत
नगर प्रमुख

माथि उल्लेखित बाहेक अन्य कर दस्तुर सेवा शुल्क लगायतका राजश्वका दायराहरु आएमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी लागु गर्न नगर कार्यपालिकालाई अधिकार दिईने निर्णय गरियो ।

विभिन्न प्राकृतिक श्रोतको कर निर्धारण आवश्यकता अनुसार खोजी गरि नगरपालिकालाई कर निर्धारण गर्ने अधिकार दिईयो ।

नगरक्षेत्रको पानीको मुहानबाट अन्यत्र पाईपलाईनबाट लगेको तथा ट्याङ्कर मार्फत बिक्रि वितरण हुने पानीको कर सम्वन्धमा सम्वन्धीत पक्षसंग सहमती अनुसार करका दर कायम गर्ने ।

(नोटः माथि उल्लेखित छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसंग मेल खाने किसिमको दरमा रु. ५००।- देखि १०,०००।- सम्म लिने ।)

- यस नगरपालिका क्षेत्र भित्र रहेको गोरखनाथ मन्दिर, गणेश मन्दिर, सरस्वती मन्दिर, र ब्रजयोगिनी मन्दिर हाताभित्र देहायबमोजिम पार्किङ शुल्क तथा पर्यटक प्रवेश शुल्क, सरसफाई शुल्क निर्धारण गरिएको छ
- दक्षिणकाली नगरपालिकाभित्र संघ संस्थाको शाखा कार्यालय विस्तार बापत रु.२,०००।- तथा वित्तीय संघ संस्थाको लागि रु. ५,०००।- कर निर्धारण गरिएको छ ।

मोहन बस्नेत
नगर प्रमुख

दक्षिणकाली नगरपालिका भित्र रहेका क्षेत्रहरुको वर्ग विभाजन

"क" वर्गः , "ख" वर्गः , "ग" वर्गः र "घ" वर्गः

दक्षिणकाली नगरपालिका वडा नं. १ देखि ९ वडा सम्म	
वर्ग	विभाजित क्षेत्रहरु
"क"	चाल्नाखेल खहरे देखि फर्पिङ दक्षिणकाली सम्म(ईश्वरी मार्ग) मूल सडकको दायाँवायाँ
"ख"	"क" वर्ग बाहेक अन्य पक्की सडकको दायाँवायाँ
"ग"	कच्ची मोटरबाटो सडकको दायाँवायाँ
"घ"	गोरेटो बाटो र अन्य "क", "ख" र "ग" वर्ग मा नपरेका सबै

यस दक्षिणकाली नगरपालिकाको वडा नं. १ देखि ९ वडा सम्म "क" वर्गः , "ख" वर्गः , "ग" वर्गः र "घ" वर्गः गरी जम्मा ४ भागमा क्षेत्र विभाजन गरेकोमा "क" वर्ग र "ख" वर्गको दर निर्धारण गरिएको र "ग" वर्गको सम्बन्धमा "ख" वर्गको ५० प्रतिशत कम र "घ" वर्गको सम्बन्धमा "ग" वर्गको ५० प्रतिशत कम दररेट निर्धारण गरिनेछ तर व्यवसाय कर लागु गर्दा जम्मा २ भागमा विभाजन गरी लागु गरिनेछ ।

मोहन बरनेत
नगर प्रमुख

<u>विभाजित क्षेत्रहरु</u>

"क" वर्गः - १

"ख" वर्गः, "ग" वर्गः र "घ" वर्गः - २